आज मिति २०७९ साल आषाढ १ गते बुधवारका दिन भीरकोट नगरप्रमुख श्री गोविन्द कुमार कर्माचार्यको अध्यक्षतामा भीरकोट नगरपालिका र अर्जुनचौपारी गाउँपालिका विच साझा सरोकारका विषयमा छलफल गर्न वसेको वैठकको उपस्थिती तपसिल वमोजिम रहेको छ ।

तपसिल

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख /अध्यक्ष | |
| २ | श्री प्रकाश तिवारी | अध्यक्ष, अर्जुनचौपारी गाउँपालिका | |
| ३ | श्री सपना गुरुङ्ग | उपाध्यक्ष, अर्जुन चौपारी गा.पा. | |
| ४ | श्री खुमलाल भुसाल | प्रमुख प्रशासकीय अधिकृत, भी.न.पा. | |
| ५ | श्री उज्वल वस्नेत | प्रमुख प्रशासकीय अधिकृत, अर्जुन चौपारी गा.पा. | |
| ६ | श्री याम प्रसाद रेग्मी | योजना अधिकृत, | |
| ७ | श्री राम प्रसाद खनाल | प्रशासन शाखा प्रमुख | |
| ८ | श्री सन्तोष ढकाल | राजस्व शाखा प्रमुख | |
| ९ | श्री | | |
| १० | | | |

प्रस्तावहरु

हेलु अर्जुन चौपारी ग्रामिण सडकको सडक उपयोग शुल्क संकलन, व्यवस्थापन र वाँडफाँट सम्वन्धमा ।

भीरकोट नगर अस्पतालको संचालन तथा व्यवस्थापन सम्वन्धमा ।

विविध ।

निर्णय नं १

हेलु अर्जुनचौपारी सडक खण्डको सडक उपयोग सेवा शुल्क संकलन गर्नको लागि साविकमा भीरकोट नगरपालिकावाट बोलपत्र आव्हान भएकोमा आर्थिक वर्ष २०७९/०८० देखि अर्जुन चौपारी गाउँपालिकाले बोलपत्र आव्हान गर्ने सम्वन्धमा आवश्यक व्यवस्था मिलाउने ।संकलित रकमको १०% रकम प्रशासनिक खर्च कटाई बाँकी रहेको ९०% रकमलाई शत प्रतिशत मानी भीरकोट नगरपालिकालाई ३०% र अर्जुन चौपारी गाउँपालिकालाई ७०% हुनेगरी राजस्व बाँडफाँट गर्ने ।

निर्णय नं २

भीरकोट नगरपालिका वडा नं १, हेलु स्थित भीरकोट नगरअस्पतालको संचालन र दिगो व्यवस्थापनको लागि अर्जुनचौपारी गाउँपालिका र भीरकोट नगरपालिकाले साझा अस्पतालको रुपमा विकास गर्न आवश्यक सहकार्य र समन्वय गर्ने ।

निर्णय नं ३

भीरकोट नगरपालिका वडा नं ७ स्थित खिलुङ्ग क्षेत्र र खिलुङ्ग कालिका मन्दिरको पर्यटन प्रवर्द्धन लागि दुवै पालिकाहरुले संयुक्त प्रयास गर्ने ।